बैठक संख्या: २/२०८१/०८२

बैठक मिति: २०८१/०६/१३

समय: बिहान ८:०० बजेदेखि

स्थान: सुनछहरी गाउँपालिका, गाउँकार्यपालिकाको बैठक कक्ष।

सुनछहरी गाउँपालिका अध्यक्ष श्री धनबहादुर पुन मगर ज्यूको अध्यक्षतामा र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति बिबरण:

| क्र.स. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | धनबहादुर पुन मगर | अध्यक्ष | | |
| २. | ननकला घर्ती | उपाध्यक्ष | | |
| ३. | अमरजित पुनमगर | ६ नं वडाध्यक्ष | | प्रवक्ता |
| ४. | धनीमान रोका | १ नं. वडा अध्यक्ष | | |
| ५. | कृष्ण बहादुर बुढा | २ नं वडा अध्यक्ष | | |
| ६. | उड्बीर घर्तीमगर | ३ नं वडा अध्यक्ष | | |
| ७. | हर्कराम बुढामगर | ४ नं वडा अध्यक्ष | | |
| ८. | देविलाल रोका मगर | ५ नं वडा अध्यक्ष | | |
| ९. | राज बहादुर रोकामगर | ७ नं वडा अध्यक्ष | | |
| १०. | निरमला पुन | म. सदस्य | | |
| ११. | अनिषा विष्ट | म. सदस्य | Anisha | |
| १२. | वाना राना मगर | म. सदस्य | | |
| १३. | दिपा घर्ती मगर | म. सदस्य | Deepa | |
| १४. | मन बहादुर वि.क | द. सदस्य | | |
| १५. | पूर्ण गोतामे | द. सदस्य | | |
| १६. | प्रेम बहादुर घर्ती | सदस्य- सचिव | | |

अन्य उपस्थिति:

| क्र स | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | बसन्त न्यौपाने | लेखा अधिकृत | | |
| २ | दया बहादुर बुढा मगर | सहायक पाँचौ | | |
| ३ | जमान पुन मगर | का स | | |
| ४ | कालु पुन | कास | | |

प्रमुख प्रशासकीय अधिकृत

## दोस्रो कार्यपालिका बैठकका कार्यसूचीहरु:

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. मोटर बाटो मर्मत सम्बन्धमा ।

३. मोटरेबल पुल र झोलुङ्गे पुल DPR सम्बन्धमा ।

४. LISP कार्यक्रम कार्यान्वयन योजना छनौट सम्बन्धमा ।

५. वडा नं २ मा प्रसुति केन्द्र स्वीकृति सम्बन्धमा ।

६. विद्यालय र प्रतिष्ठानको जग्गा पास सम्बन्धमा ।

७. योजना कार्यान्वयनको लागि प्राथामिकिकरण सम्बन्धमा ।

८. उपभोक्ता समिति गठन र अभिमुखिकरण सम्बन्धमा।

९. अ.न.मि. करार विज्ञापन खोल्ने सम्बन्धमा ।

१०. लेखा समूहको कर्मचारी सम्बन्धमा ।

११. पेश्की रकम भुक्तानी सम्बन्धमा ।

१२. विविध सम्बन्धमा ।

निर्णयहरु:

<table>
<tr><th>निर्णय क्रम संख्या</th><th>निर्णयको ब्यहोरा</th><th>निर्णय कार्यन्वयनमा जिम्मेवार शाखा/ निकाय/पक्षहरु</th><th>कै.</th></tr>
<tr><td>१.</td><td>मिति २०८१।०४।१६ गते १७ औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यन्वयनको अवस्थामा समीक्षा गरियो ।</td><td>प्रमुख प्रशासकीय अधिकृत</td><td></td></tr>
<tr><td>२</td><td>वर्षाका कारण संचालनमा आउन नसकेका गाउँपालिकाभरका मोटर बाटो मर्मत प्रक्रिया सार्वजनिक खरिद ऐनको दफा ४१ तथा नियमावलीको नियम ८५ सोझै खरिद विधिमार्फत तपसिलको खण्ड बमोजिम अघि बढाउने:<br>क. पोवाङ् –उवाखोला- किम्लेघाट- मुघाधारा- बर्गी- सेरम<br>ख. जुरेखोला-मौलावन-बाहिरीगाम-भित्रीगाम-गोहाखोला-झेलीगुङ-मुइकाधारा-भुलुङ्चुङ-बासा-गाँजा-खुर्सानीबारी-बाहिरीगाम<br>ग. स्युरीको सम्पूर्ण भुभाग<br>घ. सालघारी-टङ्शलकुना-जुवाङ्-बामरी टा-सीवाङ्ग-मेहेलधारा-जेलवाङ्ग<br>ङ. धुर्लुङ्-रिजा-फगाम-दाङ्सिवाङ् हुदै वडा नं ६ सम्पूर्ण<br>च. सालघारी-कसल- राडुङ-पोवाङ-थनवाङ-बाच्छेन-फुलीवन</td><td>प्राविधिक शाखा/योजना शाखा</td><td></td></tr>
<tr><td>३</td><td>आ.ब. २०८१/०८२ संघीय सरकार तथा प्रदेश सरकारबाट कार्यान्वयन हुने मोटरेबल पुल तथा झोलुङ्गे पुलको DPR प्रक्रिया सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम अघि बढाउने ।</td><td>गाउँकार्यपालिका</td><td></td></tr>
<tr><td>४</td><td>LISP कार्यक्रम कार्यान्वयनका लागि देहायबमोजिमका योजना छनौट तथा प्राथामिकिकरण गरी स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कार्यान्वयन इकाईमा सिफारिस गर्ने ।
<table>
<tr><th>क्र. स.</th><th>योजनाको नाम</th><th>वडा नं</th><th>प्रस्तावित रकम</th><th>गाउँपालिका बाट</th><th>LISP बाट सहलगानी</th></tr>
<tr><td>१.</td><td>खुर्सानीबारी-गाजा-बाहिरीगाम सड्क मर्मत योजना</td><td>१ र ३</td><td>१२५००००० </td><td>२५०००००</td><td>१००००००० </td></tr>
<tr><td>२.</td><td>पोबाङधारा-खेलमैदान सड्क मर्मत योजना</td><td>५</td><td>६२५००००</td><td>१२५००००</td><td>५००००००</td></tr>
<tr><td>३.</td><td>बासादुङ-थनवाङ सड्क मर्मत योजना</td><td>५</td><td>६२५००००</td><td>१२५००००</td><td>५००००००</td></tr>
</table>
नोट:माथि उल्लेखित योजनाको लागि प्रस्तावित रकम रु २,५०,००,०००/-(अक्षरुपी दुई करोड पचास लाख)</td><td>योजना शाखा</td><td></td></tr>
</table>

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | मध्ये गाउँपालिकाबाट सह-लगानी तर्फ २०%(प्रतिशत)ले हुने रकम रु ५०,००,०००/-(अक्षरुपी पचास लाख) र LISP बाट सह-लगानी तर्फ ८०%(प्रतिशत)ले हुने रकम रु २,००,००,०००/-(अक्षरुपी दुई करोड) रहेको छ। | | |
| ५ | सुनछहरी गाउँपालिका वडा नं २ को आधारभूत स्वास्थ्य इकाई केन्द्र मिति गाममा प्रसुति केन्द्र स्वीकृति गर्ने। | स्वास्थ्य शाखा | |
| ६ | सुनछहरी गउँपालिका भित्रका तपसिलबमोजिमका विद्यालयहरुको खरिद गरेको जग्गा पास प्रक्रिया अघि बढाउने:<br>१. मेहलधारा मावि सुनछहरी गापा वडा नं ५ ले ऐऐ बस्ने पुरने पुनको नाती नर बहादुर पुनको छोरा दल बहादुर पुनको नाममा दर्ता श्रेस्ता कायम भएको कि नं ४५७ क्षेत्रफल ४०५० व.मि. मूल्य रु ८७५०००।०० (अक्षेरुपी आठलाख पचहत्तर हजार मात्र) मा खरिद गरेको जग्गा।<br>२. परिवर्तन आवि सुनछहरी गापा वडा नं. २ ले ऐऐ स्थान बस्ने ऐऐ स्थानको खडे बुढाकी नातिनी, लालसुर बुढाकी बुहारी तथा वीर वल बुढाकी पत्नी भाम बुढा मगरनी को नाममा दर्ता श्रेस्ता कायम भएको कि. नं. ७६३ क्षेत्रफल २६४० व.मि. मूल्य रु. ३०००००।०० (अक्षेरुपी तीनलाख मात्र) मा खरिद गरेको जग्गा।<br>३. नेपाल राष्ट्रिय मावि सुनछहरी गापा वडा नं ६ फगामले ऐऐ स्थानको ऐऐ बस्ने विरा पुन, गणेश बहादुर पुन, कर्ण बहादुर पुन, गोविन पुन, लछु पुन, कुम्भराज पुन र चुडामणी पुनको नाममा दर्ता श्रेस्ता कायम भएको क्रमशः कि.नं. २१७,२१६,२०९,२०४,२०६,२१० र २०५ क्षेत्रफल क्रमशः ९०५,८४५,५४५,५८५,६६५, १८६० र २७५ व.मि. जम्मा मूल्य रु. ३९४०००।०० (तीनलाख चौरानब्बे हजार मात्र) मा खरिद गरेको जग्गा।<br>४. नेपाल राष्ट्रिय मावि सुनछहरी गापा वडा नं ४ स्युरीले ऐऐ स्थानको ऐऐ बस्ने भैसरी परियार र धनु दमैको नाममा संयुक्त दर्ता श्रेस्ता कायम भएको कि.नं. १८० क्षेत्रफल १८६५व.मि. मूल्य रु. ७५०००।०० (पचहत्तर हजार मात्र) र ऐऐ स्थानको ऐऐ बस्ने रामु दमाई र खते दमाईको नाममा संयुक्त दर्ता श्रेस्ता कायम भएको कि.नं. १७८ क्षेत्रफल १३०५ व.मि. मूल्य रु.५३०००।०० (त्रिपन्न हजार मात्र) मा खरिद गरेको जग्गा। | गाउँकार्यपालिका | |
| ७ | आ.ब.२०८१/८२ मा संचालन हुने योजना तथा कार्यक्रमको प्रकृति हेरेर खरिद प्रक्रिया अपनाउने गरी वार्षिक खरिद योजना लागु गर्ने। | प्राविधिक/योजना शाखा | |
| ८ | आ.ब. २०८१/०८२ को वार्षिक स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयनका लागि उपभोक्ता समिति गठन मिति २०८१ असोज मसान्तभित्र र अभिमुखिकरण कातिक १४ गतेभित्र गर्ने। | योजना शाखा | |
| ९ | सुल्कुवाङ्ग सामुदायिक इकाई केन्द्रका लागि अ.न.मि. पदको विज्ञापन गर्ने। | स्वास्थ्य शाखा | |
| १० | यस सुनछहरी गाउँपालिकामा आर्थिक प्रशासन हेर्ने लेखा समूहको कर्मचारी नभएकाले कोष तथा लेखा नियन्त्रक कार्यालय रोल्पामा नियमित काम गर्नेगरी कामकाजमा लेखा समूहको कर्मचारी खटाईदिन अनुरोध गर्ने। | प्रमुख प्रशासकीय अधिकृत | |
| ११ | कृषि तथा पशु क्षेत्रमा गाउँपालिका र हेफर सँगको संयुक्त लगानी साझेदारीमा संचालित योजनाको लागि सुनछहरी गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि,२०७९ दफा १४(ज) बमोजिम पेश्की उपलब्ध गराउने। | प्रमुख प्रशासकीय अधिकृत | |
| १२ | विविध कार्यसूची उपर छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गर्ने:<br>क) सुनछहरी गाउँपालिकाको प्राकृतिक प्रकोप पीडित उद्धार तथा राहत सम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गर्ने।<br>ख) सुनछहरी गाउँपालिका वडा नं २ को आधारभूत स्वास्थ्य सेवा केन्द्रको चट्याङ्गले क्षति पुऱ्याएको सोलार मर्मत प्राविधिक स्टिमेटको आधारमा गर्ने।<br>ग) विभिन्न प्राकृतिक प्रकोपका कारण क्षति पुगेका लाभग्राहीहरुलाई तपसिल बमोजिम रकम उपलब्ध गराउने:<br>१. चन्द्र बहादुर घर्तीमगर सुनछहरी गाउँपालिका वडा नं. ३ रु. २००००।००<br>घ) सुनछहरी गाउँपालिका वडा नं २ निवासी किरण बुढा मगरले तटबन्धन माग गरेको निवेदन जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने।<br>ङ) सुनछहरी गाउँपालिका भित्रका बजारहरुमा कातिक १५ गतेभित्र अनुगमन गर्ने।<br>च) दशैंको अवसर पारी सुनछहरी गाउँपालिका भित्रका टोलहरु जनप्रतिनिधीको संलग्नतामा वडाहरुले सरसफाई कार्यक्रम आयोजना गर्ने।<br>छ) सुनछहरी गाउँपालिका भित्र लाग्ने विभिन्न परम्परागत मेलाहरु हुने अत्याधिक मदिरा सेवन तथा बिक्रिवितरणलाई नियमन गर्ने र जुवातासलाई बन्द गर्ने वडा कार्यालयहरुमा पत्राचार गर्ने। | गाउँकार्यपालिका | |

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | ज) श्री नेरामावि सुनछहरी गाउँपालिका वडा नं ४ सिउरीको मावि गापा अनुदान (अङ्ग्रेजी) दरबन्दी लाई निमावि कायम गरी विज्ञापन गर्ने।<br>झ) राजस्व संकलनलाई प्रभावकारी बनाउन घुम्ती व्यापारी कर, जडबुटि कर तथा पशु चौपाय निकासीका मा कर उठाउने प्रयोजनार्थ न्यूनतम कबोल अंक रु. ३००,०००।०० (अक्षेरुपी तीनलाख मात्र) राखि सिलबन्दी दरभाउपत्र विधिबाट खरिद प्रक्रिया अघि बढाउने। | | |

सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोवाङ, रोल्पा
२०७३

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत